आज मिति २०८१ साल असोज १३ गते आइतबारका दिन बिहानको ७:०० बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८१\०८२ को नवौं बैठक नगर प्रमुख श्री अशोक कार्की ज्युको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो।

| क.स. | नाम थर | पद | ठेगाना | सम्पर्क न. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री सन्तोष थापा | का.वा.वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री बिष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला वि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | कां.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता विश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.विश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री पुरुषोत्तम घिमिरे | प्र.प्र.अ. | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री | | | | |
| २२ | श्री सन्जय रेग्मी | अ.स्तर छैटौ | बे.न.पा. | | |
| २३ | श्री रमेश कार्की | इन्जिनीयर | " | | |
| २४ | श्री | | | | |
| २५ | श्री | | | | |

बेलका नगरपालिका, उदयपुर

आर्थिक वर्ष: २०८१/८२

नगर कार्यपालिका बैठक संख्याः ९

मिति २०८१/०६/१३ गते बिहानको ०७ : ०० बजे

प्रस्तावहरू

१. विपदमा मानव उद्धार तथा राहत व्यवस्थापन सम्बन्धमा ।

२. सूचना मागकर्तालाई सूचना प्रदान गर्ने तथा वर्गीकृत सूचना अनुमोदन सम्बन्धमा ।

३. कानूनी सल्लाहकार सम्बन्धमा ।

४. आम्वासी भागलपुर रामपुर सडक तथा सोमबारे मायुङटार सडक कालोपत्रे (अस्फाल्ट कंक्रिट) तथा चेनेज निर्धारण सम्बन्धमा ।

५. साकेला थान निर्माण सम्बन्धमा (बेलका न.पा. -७) ।

६. साकेला पार्क निर्माण सम्बन्धमा (बेलका न.पा -६, किराँत चोक) ।

७. राष्ट्रिय भवन संहिता २०५, २०२४ लागु भएको र घर नक्सापास अनिवार्य गर्ने सार्वजनिक सूचना प्रकाशन गर्ने तथा निरीक्षणकर्ता तोक्ने सम्बन्धमा ।

८. रामपुर खानेपानी आयोजनाको सुपरीवेक्षणको विज्ञ/परामर्शदाता व्यवस्था गर्ने सम्बन्धमा ।

९. स्ल्याब कल्भर्ट निर्माण बेलका नगरपालिका ४, ५ र ९ (ठेक्का नं. 13/BELAKA/NCB/W/2080-81) का लागि आवश्यक नयाँ काम थप गर्न स्वीकृति तथा बजेट व्यवस्थापन सम्बन्धमा ।

१०. विपदजन्य सडक तथा बाटो मर्मत सम्बन्धमा ।

११. लालबजार घारेघाट सडक LD लगाएर म्याद थप सम्बन्धमा ।

१२. प्रधानमन्त्री रोजगार कार्यक्रम योजना छनौट सम्बन्धमा ।

१३. लैङ्गिक उत्तरदायी बजेट अनुमोदन सम्बन्धमा ।

१४. कोशी जनता माध्यमिक विद्यालय भवन निर्माणका लागि जग्गाको स्वामित्व सम्बन्धमा ।

१५. विविध ।

(क) सवारी साधन मर्मत सम्बन्धमा ।

(ख) ईलाका प्रहरी कार्यालय, रामपुरको मेस किचेन निर्माण तथा मर्मत सम्बन्धमा ।

२०८१।६।१३

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की

नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०६/१०, ११ र १२ गते परेको अविरल वर्षाका कारण बेलका नगरपालिका क्षेत्रभित्र भौतिक संरचनाहरूको क्षति भएको र कोशी नदीको बाढी वस्तीमा प्रवेश गरी ठूलो संख्यामा मानिसहरू विस्थापित भएको र प्रभावित जनसंख्यालाई असुरक्षित स्थानबाट सुरक्षित स्थानमा स्थानान्तरण गरिएकोमा विपद व्यवस्थापन सम्बन्धी थप कार्य गर्नलाई नगरपालिकामा रेपिड रेस्पन्स टिम निर्माण गर्ने तथा विपद व्यवस्थापनमा सहयोग गरिदिन भनी जिल्ला विपद व्यवस्थापन समितिको कार्यालय तथा अन्य निकाय र संघ संस्थाहरूसँग सहयोग माग्ने निर्णय गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा बेलका नगरपालिकामा आर्थिक वर्ष २०८०/८१ मा भएका गतिविधि सम्बन्धी विभिन्न सूचनाहरू विभिन्न व्यक्ति तथा संस्थाहरूले माग गरेकोमा नगरपालिकाले तयार पारेको अनुसूची -१ बमोजिमको द्वित्तीय तथा वर्गीकृत सूचना यस कार्यपालिकाबाट अनुमोदन गरियो । साथै निर्मित तथा अनुमोदित द्वित्तीय सूचनाहरू सूचना मागकर्तालाई यथाशीघ्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा बेलका नगरपालिकाको मुद्दा सम्बन्धी कामकाजका लागि २ जना कानूनी सल्लाहकार सेवा करार तथा परामर्श सेवामा लिइएकोमा साविकमा अधिवक्ता श्री ब्रहमदेव चौधरीले हेरिरहेका मुद्दाहरू समेत अधिवक्ता श्री सुरेन्द्र बस्नेतलाई जिम्मा लगाई एक जना कानूनी सल्लाहकारमात्र सेवा करारमा राख्ने र परामर्श सेवा नलिने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/८२ का लागि संघीय समपूरक अनुदानतर्फ बेलका नगरपालिकालाई प्राप्त रामपुर भागलपुर आम्बासी सडक निर्माण तथा स्तरोन्नति अन्तर्गत सो सडकको गत आ.व. २०८०/८१ मा सववेस कार्य सम्पन्न भएको बेलका नगरपालिका -१, बल्हीबाट विश्वास चौकसम्म र बेलका नगरपलिका -३ अन्तर्गत नयाँटोल-सातपत्रे क्षेत्रमा ट्र्याक परिवर्तन गरिएको क्षेत्रमा कालोपत्रे (अस्फाल्ट कंक्रिट) गर्ने निर्णय गरियो । साथै चालु आर्थिक वर्षका लागि प्राप्त सोमबारे मायुङटार सडक निर्माण तथा स्तरोन्नतिका सन्दर्भमा गत आ.व. २०८०/८१ मा सडक स्तरोन्नति (सववेस कार्य) गरिएको स्थानमा कालोपत्रे (अस्फाल्ट कंक्रिट) निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा बेलका नगरपालिकाको चालु आर्थिक वर्षको कार्यक्रम साकेला थान निर्माण, बेलका नगरपालिका ७ कार्यान्वयनका लागि गुरुयोजना/विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्यहरूको प्राथमिकीकरण गर्ने तथा ठेक्का व्यवस्थापन गरी आयोजना सञ्चालन गर्ने र त्यसका लागि आवश्यक कार्य गर्नका लागि नगरपालिकाको योजना शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

प्रशासकीय अधिकृत

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा बेलका नगरपालिकाको चालु आर्थिक वर्षको कार्यक्रम साकेला पार्क निर्माण, बेलका नगरपालिका -६ कार्यान्वनकाका लागि सम्बन्धित वडाका वडा अध्यक्षले वन कार्यालय तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी नगरपालिकाको पूर्वाधार विकास शाखाले विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र टेन्डर प्रक्रियाबाट निर्माण कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा बेलका नगरपालिका क्षेत्रभित्र राष्ट्रिय भवन संहिता, २०५, २०२४ लागु गर्नका लागि अनिवार्य रुपमा घर नक्सापास गर्न भनी सार्वजनिक सूचना प्रकाशन गर्ने र सो सम्बन्धमा वडा स्तरमा टोल विकास समितिका पदाधिकारीहरूलाई अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने, प्रचार प्रसार गर्ने र १ महिनाभित्र अनुगमनकर्ता नगर प्रहरीको व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा रामपुर खानेपानी आयोजना निर्माण कार्य, प्लान्ट निर्माण तथा पाइपलाइन विस्तार लगायतका विषयमा राय परामर्श दिने तथा अन्य कार्य गर्ने गराउने साथै सुपरीवेक्षण गर्ने गरी विज्ञ/परामर्शदाताबाट सेवा लिने साथै निजको कार्यसम्पादन तथा सम्झौताका आधारमा सम्बन्धित योजनाको कन्टिन्जेन्सी रकमबाट पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. ४, ५ र ९ मा ठेक्का नं. 13/BELAKA/NCB/W/2080-81 अन्तर्गत कार्यान्वयन भइरहेको स्ल्याव कल्भर्ट निर्माण योजनामा पहुँच मार्ग थप गर्ने लगायतका अन्य अत्यावश्यक कार्य थप गर्नुपर्ने भएकाले संशोधित लागत अनुमान तयार गर्न तथा नयाँ आइटमहरूको आपसी समझदारीमा नयाँ दररेट कायम गरी भेरियसन गर्न स्वीकृति दिन र सोका लागि उचित शीर्षकबाट बजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** प्रस्ताव नं. १० माथि छलफल गर्दा अविरल वर्षाका कारण बेलका नगरपालिका क्षेत्रभित्र विभिन्न मूल सडक तथा सहायक सडकहरूमा क्षति पुगेको र चाडबाड नजिकिँदै गरेको अवस्थामा कोटेशन आह्वान गर्न पर्याप्त समय समेत नभएको हुँदा १ लाख मुनिका मर्मत योजनाहरू सम्बन्धित वडा कार्यालयका कर्मचारीहरूमार्फत अमानतबाट मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** प्रस्ताव नं. ११ माथि छलफल गर्दा बेलका नगरपालिकामा कार्यान्वयन भइरहेको लालबजार घारेघाट सडक निर्माण योजना समयमा सम्पन्न हुन नसकी पहिलो पटक म्याद थप गरी मिति २०८१/०६/१४ सम्ममा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा निर्माण कम्पनीको लापरवाहीका कारण तोकिएको समयमा कार्य सम्पन्न हुने अवस्था नरहेको र सो सम्बन्धमा नगरपालिकाले ठेकेदार कम्पनीलाई स्पष्टीकरण माग गरी जवाफमा केहि समयमा निर्माण सम्वन्धी सम्पूर्ण कार्य सम्पन्न गरिसक्ने भनी जवाफ पेश गरेको हुँदा निर्माण कम्पनीलाई नियमानुसार Liquidated Damage (प्रतिदिन ०.०५ प्रतिशत) जरिवाना लगाएर अधिकतम १ महिना म्याद थप गर्ने साथै सोहि अनुसार कार्यसम्पादन जमानतको म्याद थप गर्न जानकारी गराउने र सो अवधिसम्म पनि लागत अनुमान तथा तोकिएको गुणस्तर बमोजिमको कार्य नभएमा

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

उक्त योजनाको भुक्तानी रोक्का गर्ने र निजको बैंक धरौटी जफत गर्ने साथै निर्माण कम्पनीलाई कालोसूचिमा राखिदिन भनी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** प्रस्ताव नं. १२ माथि छलफल गर्दा बेलका नगरपालिकाको चालु आर्थिक वर्षको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट तथा कार्यान्वयन तालिका सम्बन्धि मिति २०८१/०६/१० गते बसेको प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिको बैठकको निर्णयलाई यस कार्यपालिकाद्वारा अनुमोदन गरियो ।

**निर्णय नं. १३** प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिकाको महिला तथा बालबालिका शाखाले बेलका नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को वार्षिक बजेटलाई लैङ्गिक उत्तरदायी बजेट कोड गरी तयार पारेको प्रतिवेदनलाई यस कार्यपालिकामा प्रस्तुत गरी अनुमोदन गरियो ।

**निर्णय नं. १४** प्रस्ताव नं. १४ माथि छलफल गर्दा नेपाल सरकार र भारत सरकारबीच भएको द्विपक्षीय सम्झौता बमोजिम मित्रराष्ट्र भारतको वित्तीय सहयोगमा सञ्चालित उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (High Impact Community Development Projects, HICDPs) अन्तर्गत कार्यान्वयन हुने यस नगरपालिकाको वडा नं. ३ स्थित श्री कोशी जनता माध्यमिक विद्यालय, रामपुर, बेलका -३ को भवन निर्माणका तथा पहुँच मार्ग निर्माणका लागि त्रिवेणी चोकबाट विद्यालयसम्म जाने बाटो र धौरी टप्पु जाने हालका चलन चल्तिका बाटोहरू नेपाल सरकारको स्वामित्वमा नरहेको हुँदा सरकारको स्वामित्वमा ल्याउनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १५** प्रस्ताव नं. १५ विविध (क) माथि छलफल गर्दा अविरल वर्षाका कारण बेलका नगरपालिकाका विभिन्न स्थानहरूमा क्षति भई राहत, उद्धार तथा स्थानान्तरणका लागि वडा नं. ३ अन्तर्गतका विभिन्न क्षेत्रमा जाने क्रममा नगर प्रमुखज्यूले प्रयोग गर्नुभएको नगरपालिकाको सवारी साधनमा पानी पसी इन्जिनमा समेत क्षति भएको हुँदा लागत अनुमान तयार गरी सवारी साधन मर्मत गर्ने निर्णय गरियो ।

**विविध (ख)** माथि छलफल गर्दा इलाका प्रहरी कार्यालय, रामपुरको मेस भवन र गाडी ग्यारेज समेतमा अविरल वर्षाका कारण क्षति हुन गइ निर्माण तथा मर्मतको व्यवस्था गरिदिन भनी प्रहरी कार्यालयबाट अनुरोध भई आएको हुँदा नगरपालिकाबाट प्राविधिक लागत अनुमान तयार पारी आवश्यक बजेटको व्यवस्था गरिदिने निर्णय गरियो । साथै ट्राफिक प्रहरी बिट, बरगाछिलाई साविकको पुरानो भवनमा स्थानान्तरण गर्नका लागि सो भवनमा आवश्यक विद्युतीय सामग्री र शौचालयका लागि ४ थान रिङ नगरपालिकाबाट व्यवस्था गरिदिने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख